त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
परीक्षा शाखा, बल्खु ।

**सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत Grading System अनुसार स्नातकोत्तर तह माइक्रोबायोलोजी विषय प्रथम वर्ष दोश्रो शत्र-२०७३ समूहको परीक्षाको परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना**

त्रिभुवन विश्वविद्यालय विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालय, परीक्षा शाखा, बल्खुद्वारा सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत Grading System अनुसार २०७४ सालमा संचालन हुने स्नातकोत्तर तह **माइक्रोबायोलोजी** विषय **प्रथम वर्ष दोश्रो शत्र २०७३** समूहको नियमित र सोही शत्रको सो भन्दा अगाडिका समूहको आंशिक परीक्षाको लागि परीक्षा आवेदन फाराम २०७४ साल फागुन १४ गते सम्ममा वुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित केन्द्रीय विभाग/क्याम्पस/कलेजहरुले फारामहरु रुजु गरी मिति २०७४ साल फागुनख १६ गते सम्ममा यस कार्यालयमा अनिवार्य रुपमा वुझाउन पर्ने छ ।

१. परीक्षार्थीहरुको फाराम पठाउंदा सम्बन्धित केन्द्रीय विभाग/क्याम्पस/कलेजहरुले ध्यान दिनु पर्ने कुराहरु :

(क) परीक्षार्थीहरुको हाजिरी त्रि.वि. नियमानुसार परीक्षा फाराममा उल्लेख गर्नु पर्नेछ ।
(ख) आन्तरिक मूल्यांकनको प्राप्तांक परीक्षा आवेदन फाराममा उल्लेख गर्नुका साथै छुट्टै लिष्ट पनि फाराम साथै पठाउनु पर्नेछ ।
(ग) आन्तरिक मूल्यांकन उत्तीर्ण नगरेका विद्यार्थीहरुको परीक्षा फाराम नपठाउने ।
(घ) परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुको विषयगत संख्या (Subjectwise -data) परीक्षा आवेदन फारामसाथ पठाउनु पर्नेछ ।

२. परीक्षा शुल्क :

क. प्रति शत्र परीक्षा शुल्क नियमित १,०००।-
ख. प्रति शत्र परीक्षा शुल्क आंशिक १,०००।-

३. विलम्ब शुल्क :

परीक्षा फाराम भर्ने म्याद भुक्तान भएको मितिले प्रथम हप्ता सम्म रु. १,०००।-

४. परीक्षा शुल्क वुझाउने सम्बन्धमा :

सम्बन्धित केन्द्रीय विभाग/क्याम्पस/कलेजहरुले उपरोक्त अनुसार परीक्षा शुल्क उठाई डीनको कार्यालयको नाममा रहेको कीर्तिपुर स्थित नेपाल बैंकको चल्ती हिसाव नं. ०४५००१०००९९१०७००००००१ मा जम्मा हुने गरी चेक वा ड्राफ्ट बनाई पठाउनु पर्ने छ ।

५. परीक्षा केन्द्र : पछि तोकिने छ ।

६. प्रयोगात्मक परीक्षा : परीक्षा सकिएको २ हप्ता भित्र प्रयोगात्मक परीक्षा सम्बन्धित केन्द्रीय विभाग । क्याम्पस र कलेजले सम्पन्न गरी सक्नु पर्नेछ ।

द्रष्टव्य :

* त्रि.वि.को निर्णय अनुसार परीक्षा केन्द्र परिवर्तन सम्बन्धी प्रावधान हटाइएको छ ।
* परीक्षार्थीले एक पटक विषय छनौट गरी परीक्षा फाराम भरी सके पछि विषय परिवर्तन गराउन नदिने भएकोले परीक्षार्थीहरुलाई फाराम भराउंदा विषय एकिन गराई फाराम भराउने ।
* परीक्षा आवेदन फाराम परीक्षार्थी स्वयंले नै भरी वुझाउनु पर्नेछ । साथै परीक्षा फाराम भर्दा परीक्षा फाराममा र प्रवेश पत्रमा समेत परीक्षार्थी आफैंले नै पुरा दस्तखत गर्नु पर्दछ । अन्यथा पर्न गएमा यस कार्यालय जवाफदेही हुने छैन ।

२०७४।१०।२२

डीन